आज मिति २०८१/१०/२५ गते बुधबारका दिन इलाम न.पा. का प्रमुख श्री केदार थापाज्यूको अध्यक्षता रहेमा निम्नानुसारको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न निर्णय गरियो।

उपस्थिति:-

प्रमुख श्री केदार थापा
उपप्रमुख श्री बिष्णु कुमारी लिम्बु
वडाध्यक्ष श्री गार्थलीराम बस्नेत
,, श्री गिरिराज रिजाल
,, श्री हेम बहादुर सुनुवार
,, श्री नुतनदेव दुलाल
,, श्री कर्णी बहादुर श्रेष्ठ
,, श्री दुर्गा श्रेष्ठ
,, श्री नरेश श्रेष्ठ
,, श्री दलमान तामाङ्ग
,, श्री गोपाल चौहान
,, श्री ओमनाथ प्रधान
,, श्री टासी जबेगु
,, श्री लारवमान लिम्बु
का.पा.स. श्री डायना राई
,, श्री सरीमाया कमिनी
,, श्री धनमाया लिम्बु
,, श्री कुमारी लवागुन
,, श्री बिबि लिम्बु
,, श्री बिरेन्द्र बहादुर राई
,, श्री देवेन्द्र मुखिया
,, श्री दिपक तिरुवा
सचिव-प्र.प्र.अ. श्री गणेश कुमार रङ्का

बैठक व्यवस्थापन कर्मचारी:-
लेखा अधिकृत श्री नारायण ढकाल
प्र.अ. श्री बकुल मल्लराज
ईन्जिनियर श्री दिपक गुरागाई
सु.प्र.अ. श्री दिपेश कु. श्रेष्ठ
अमिन श्री हेमसपार सापकोटा

## इलाम नगरपालिका, नगर कार्यपालिकाको एघारौं बैठक (२०७९/१०/२५) को निर्णयहरु

**निर्णय नं. १**

इलाम नगरपालिकाको गत बैठकहरुबाट भएका निर्णयहरुको कार्यान्वयन तथा प्रगती सम्बन्धमा समीक्षा गरियो । कार्यान्वयन हून बांकी रहेका पूर्व निर्णयहरुलाई यथासमयमा कार्यान्वयनको व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. २**

इलाम नगरपालिका क्षेत्रभित्र नक्सापासका लागि पेश भएका निवेदनहरु पूर्वाधार विकास समितिमा पेश भई सो समितिबाट स्थलगत निरीक्षण गरि नक्शा पासका लागि सिफारिस भए बमोजिम देहायका निवेदकहरुको घर नक्शा पास गर्ने निर्णय गरियो ।

**निम्न :-**

| सि.नं. | निवेदक | स्थलगत विवरण | निर्णय हुन सिफारिस गरिएको व्यहोरा |
|---|---|---|---|
| १ | तोयानाथ भट्टराई इ.न.पा-७<br>(तल्ला थप गरी निर्माण सम्पन्नको लागि पेश भएको) | • सेटब्याक (सडक तर्फ) ५.५ मिटर हुनुपर्नेमा ४.९० मिटर भएको ।<br>• साईड मार्जिन १.०० मिटर हुनुपर्नेमा ०.४५४ मिटर भएको ।<br>• ग्राउण्ड कभरेज पुगेको ।<br>• यसअघि लिएको निर्माण सम्पन्न तल्लाको तत्कालीन मापदण्ड पालना भएको ।<br>• भवन संहिता पालना नभएको । | • थप तल्लाको नियमित शुल्कको ३ गुणा जरिवाना सहित रु ४०५ प्रतिवर्ग मिटरको दरले जम्मा रु २८८६८/-शुल्क लिने ।<br>• आवश्यक परेको समय/अवस्थामा घरधनी आफैंले भत्काउने कबुलियतनामा गराउने ।<br>• संधियार आफैं वा अधिकृत वारेशनामा मार्फत कार्यालय आई अनुसुचि १२ अनुसारको मन्जुरीनामा गर्नुपर्ने ।<br>• भवन संहिता पालना नभएको कारण भविष्यमा उत्पन्न हुने मानवीय क्षतीसमेतको घरधनी जिम्मेवार हुने कबुलियत गराउने ।<br>• अनुसुची १४ अनुसार भवन अभिलेखिकरण निर्माण सम्पन्न प्रमाणपत्र प्रदान गर्न सकिने । |
| २ | सविन बुढाथोकी र यमुना पोखेल समेत इ.न.पा.- ९ (तल्ला थप गरी निर्माण सम्पन्नको लागि पेश भएको ।) | • सेटब्याक (सडक तर्फ) पुगेको ।<br>• साईड मार्जिन १.०० मिटर छोड्नुपर्नेमा ०.४५० मिटर मात्र छोडेको ।<br>• ग्राउण्ड कभरेज पुगेको ।<br>• यसअघि लिएको निर्माण सम्पन्न तल्लाको तत्कालीन मापदण्ड पालना भएको ।<br>• भवन संहिता पालना नभएको ।<br>• हाल तेश्रो तल्ला निर्माणधिन अवस्थामा देखिएको । | • पेश भए अनुसार थप तल्लाको नियमित शुल्कको ३ गुणा जरिवानासहित रु ४०५ प्रतिवर्ग मिटरको दरले जम्मा रु ६५५६१.४० शुल्क लिने । (२ तल्लाको)<br>• हाल निर्माणधिन रहेको तल्लाको प्रतिवर्ग मिटर नियमित शुल्कको ३ गुणा लिई निर्माणाधीन तल्लाको समेत नक्सा लिई नियमित गर्ने ।<br>• संधियार आफैं वा अधिकृत वारेशनामा मार्फत कार्यालय आई अनुसुचि १२ अनुसारको मन्जुरीनामा गरिदिनुपर्ने ।<br>• भवन संहिता पालना नभएको कारण भविष्यमा उत्पन्न हुने मानवीय क्षतीसमेतको घरधनी जिम्मेवार हुने कबुलियत गराउने ।<br>• अनुसुची १४ अनुसार भवन अभिलेखिकरण निर्माण सम्पन्न प्रमाणपत्र प्रदान गर्न सकिने । |
| ३ | तुलसीराम ढकाल इ.न.पा.-७<br>(तल्ला थप गरी निर्माण सम्पन्नको लागि पेश भएको) | • सेटब्याक (सडक तर्फ) ५.५ मिटर हुनुपर्नेमा ४.९० मिटर भएको ।<br>• साईड मार्जिन १.० मिटर हुनुपर्नेमा जग्गा नछोडी निर्माण भएको ।<br>• ग्राउण्ड कभरेज ७०% हुनुपर्ने ९०.९६% भएको ।<br>• शुरुमा लिएको इजाजत अनुसारको तल्लाको तत्कालीन मापदण्ड पालना भएको ।<br>• भवन संहिता पालना नभएको । | • थप तल्लाको नियमित शुल्कको ३ गुणा जरिवानासहित रु ४०५ प्रतिवर्ग मिटरको दरले जम्मा रु ७५२६९.२५ शुल्क लिने ।<br>• आवश्यक परेको समय/अवस्थामा घरधनी आफैंले भत्काउने कबुलियतनामा गराउने ।<br>• संधियार आफैं वा अधिकृत वारेशनामा मार्फत कार्यालय आई अनुसुचि १२ अनुसारको मन्जुरीनामा गरिदिनुपर्ने ।<br>• भवन संहिता पालना नभएको कारण भविष्यमा उत्पन्न हुने मानवीय क्षतीसमेतको घरधनी जिम्मेवार हुने कबुलियत गराउने ।<br>• अनुसुची १४ अनुसार भवन अभिलेखिकरण निर्माण सम्पन्न प्रमाणपत्र प्रदान गर्न सकिने । |



CamScanner

| | | | |
|---|---|---|---|
| ४ | ईश्वर चन्द्र लोक्ताम<br>इ.न.पा.-७<br>(नियमित निर्माण सम्पन्नको लागि पेश भएको) | • सेटब्याक (सडक तर्फ) ५.५० मिटर हुनुपर्नेमा ४.५० मिटर भएको ।<br>• साइड मार्जिन पुगेको ।<br>• ग्राउण्ड कभरेज पुगेको ।<br>• भवन संहिता पालना- स्ट्रक्चर एनालाइसिस प्रतिवेदनमा सुरक्षित छ भन्ने भएको ।<br>• तत्कालीन मापदण्ड पालना भएको | • नियमित शुल्कको ३ गुणा जरिवानासहित रु ३७५ प्रतिवर्ग मिटरको दरले जम्मा रु ६५६५१.२५ शुल्क लिने ।<br>• आवश्यक परेको समय/अवस्थामा घरधनी आफैले भत्काउने कबुलियतनामा गराउने ।<br>• स्ट्रक्चर एनालाइसिस गर्ने प्राविधिकले सुरक्षित छ भन्ने घोषणा गरेको हुनुपर्ने ।<br>• अनुसुची १४ अनुसार भवन नियमित निर्माण सम्पन्न प्रमाणपत्र प्रदान गर्न सकिने । |
| ५ | डोल बहादुर गुरुङ<br>इ.न.पा.-९<br>(तल्ला थप गरी निर्माण सम्पन्नको लागि पेश भएको) | • सेटब्याक (सडक तर्फ) ४.५० मिटर हुनुपर्नेमा ४.२० मिटर भएको ।<br>• साईड मार्जिन १.०० मिटर हुनपर्नेमा ०.४५० मिटर भएको ।<br>• ग्राउण्ड कभरेज पुगेको ।<br>• भवन संहिता पालना- स्ट्रक्चर एनालाइसिस प्रतिवेदनमा सुरक्षित छ भन्ने भएको ।<br>• यसअघि लिएको निर्माण सम्पन्न तल्लाको तत्कालीन मापदण्ड पालना भएको । | • थप तल्लाको नियमित शुल्कको ३ गुणा जरिवानासहित रु ४०५ प्रतिवर्ग मिटरको दरले जम्मा रु ३८७०१.१८ शुल्क लिने ।<br>• आवश्यक परेको अवस्थामा घरधनी आफैंले भत्काउने कबुलियतनामा गराउने ।<br>• संधियार आफैं वा अधिकृत वारेशनामा मार्फत कार्यालय आई अनुसुचि १२ अनुसारको मन्जुरीनामा गर्नुपर्ने ।<br>• स्ट्रक्चर एनालाइसिस गर्ने प्राविधिकले सुरक्षित छ भन्ने घोषणा गरेको हुनुपर्ने ।<br>• अनुसुची १४ अनुसार नियमित भवन निर्माण सम्पन्न प्रमाणपत्र प्रदान गर्न सकिने । |

**निर्णय नं. ३**

इलाम न.पा.९ स्थित श्री महमाई आ.वि. मा प्राथमिक तहको १ (एक) स्थायी शिक्षक दरबन्दी रिक्त रहेकोमा उक्त विद्यालय व्यवस्थापन समितिको मिति २०७९/०९/ ०४ गतेको बैठकबाट सो दरबन्दी माई नगरपालिका स्थित श्री चन्द्रज्योति आ.वि. लाई प्रदान गर्ने निर्णय भई आएकोले माई न.पा.स्थित श्री चन्द्रज्योति आ.वि. दानाबारीको प्रा.तह राहत दरबन्दीमा कार्यरत शिक्षक यशोदा कार्कीले पारिवारिक समस्याको कारण देखाई यस नगरपालिका स्थित महमाई आधारभूत विद्यालय इलाम न.पा.९ मा राहत दरबन्दी सहित सरुवा प्रयोजनको लागि यस कार्यालयमा निवेदन दिएको र निज कार्यरत विद्यालय श्री चन्द्रज्योती आ.वि. र महमाई आ.वि. इलाम न.पा.९ को विद्यालय व्यवस्थापन समितिको बैठकबाट समेत उपर्युक्त बमोजिम दरबन्दीकायम हुने गरी सिफारिस प्राप्त भएको हुँदा श्री महमाई आ.वि.को रिक्त प्रा. तहको दरबन्दी श्री माई नगरपालिकाको चन्द्रज्योति आ.वि. लाई प्रदान गर्ने र निजलाई राहत दरबन्दी सहित सरुवा भई आउन शिक्षा विकास तथा समन्वय इकाई इलाममा सिफारिस गर्ने ।

**निर्णय नं. ४**

इलाम नगरपालिका, (घ) वर्गको निर्माण व्यवसायीको इजाजत पत्र सम्बन्धी कार्यविधी २०७५ बमोजिम छानबिन उपसमितिबाट सिफारिस भई आएका निम्नानुसारका आवेदकको निर्माण सेवालाई प्रा.लि.मा परिवर्तन गरी इजाजत पत्र उपलब्ध गराउने निर्णय गरियो ।

| सि.नं. | साविकको फर्मको नाम, प्रो. नाम र ठेगाना | प्रा.लि. हुन माग भएको फर्मको नाम, प्रो. नाम र ठेगाना | नाम परिवर्तन हुन सिफारिस गरिएको फर्मको नाम, ठेगाना, प्रो.नाम र ठेगाना |
|---|---|---|---|
| १ | प्रकाश कन्स्ट्रक्सन, इलाम नगरपालिका वडा नं. ०७, इलाम<br>प्रो. प्रकाश मान कडरिया | प्रकाश कन्स्ट्रक्सन प्रा.लि., इलाम नगरपालिका वडा नं. ०७, इलाम<br>प्रो. प्रकाश मान कडरिया | प्रकाश कन्स्ट्रक्सन प्रा.लि., इलाम नगरपालिका वडा नं. ०७, इलाम<br>प्रो. प्रकाश मान कडरिया |

**इलाम नगरपालिका, नगर कार्यपालिकाको एघारौं बैठक (२०७९/१०/२५) को निर्णयहरु**

**निर्णय नं. ५**

इलाम नगरपालिका, आय ठेक्का व्यवस्थापन कार्यविधि, २०७९ पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

इलाम नगरपालिका वडा नं.१२ स्थित श्री साङ्गरुम्बा मा.वि.ले नयाँ भवन निर्माणको लागि पुरानो २ कोठे १ तले जस्तापाताको बेरा र छाना भएको भवन नियमानुसार भत्काउन सम्बन्धित वडाको सिफारिस सहित अनुमति माग गरेको र पूर्वाधार विकास शाखाबाट समेत उक्त भवन जीर्ण भई प्रयोग विहिन संरचना भत्काउन उपयुक्त हुने राय पेश भएको हुँदा उक्त विद्यालयको भवन भत्काउन विद्यालयलाई अनुमति दिने ।

**निर्णय नं. ७**

बाली विकास कार्यक्रम कृषि जैविक/रैथाने बाली प्रवर्द्धन कार्यक्रम) विविधता संरक्षण कार्यक्रम कार्यान्वयनका लागि स्वीकृत कार्यविधि , २०७९ र प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुअल, २०७७ बमोजिम साना व्यवसायीक कृषि उत्पादन पकेट विकास कार्यक्रम अन्तर्गत निम्न अनुसार पेश भएका प्रस्ताव छनौट गरी सम्झौता प्रकृया अघी बढाइ कार्यक्रम संचालन गर्ने ।

निम्न :-

| क्र.स. | कार्यक्रमको नाम | छनौट सस्थाको नाम | ठेगाना | जम्मा रकम | सरकारी अनुदान रकम रु | साझेदारीमा जम्मा गर्नुपर्ने रकम रु |
|---|---|---|---|---|---|---|
| १ | नयाँ किवि पकेट विकास कार्यक्रम | प्रगतिशील पशुपालन तथा कृषि समूह | इ.न.पा.३, पुवामझुवा | २४,००,०००।– | १२,००,०००।– | १२,००,०००।– |
| २ | अदुवा/वेसार पकेट विकास कार्यक्रम निरन्तरता २०७८/०७९को | प्रगतिशील कृषि सहकारी संस्था लि. | इ.न.पा.१२, साङरुम्बा | १२,००,०००।– | ६००,०००।– | ६००,०००।– |
| ३ | रैथाने बाली प्रवर्द्धन कार्यक्रम | कामिटार बहुउद्धेश्य कृषि तथा पशुपालन व्यवसायिक समूह | इ.न.पा.१२, साङरुम्बा | १२,००,०००।– | ६००,०००।– | ६००,०००।– |
| ४ | रैथाने बाली प्रवर्द्धन कार्यक्रम | गोदावारी कृषि तथा पशुपंक्षी सहकारी सस्था लि. | इ.न.पा.९, थिङगाउँ | ८००,०००।– | ४००,०००।– | ४००,०००।– |

**निर्णय नं. ८**

इलाम नगरपालिका वडा नं.९ बस्ने कुमार लिम्बुले इलाम नगरपालिका-७ स्थित मासु पसलको सटर भाडामा लिने सम्बन्धमा मिति २०७६।११।२० गते कार्यालयसँग सम्झौता गरे तापनि यस कार्यालयको मिति २०७७।११।९ को सूचना अनुसार चाबी बुझ्न नआई MSFF0 नम्बरको सटरको विषयमा सम्मानीत उच्च अदालतमा मुद्दामा गई अदालतको फैसला कार्यान्वयन गरी निजले मिति २०७९।४।३ मा चाबी बुझि सटर

जिम्मा लिएको । सार्वजनिक निजी साझेदारी लगानी व्यवस्थापन तथा संचालन ऐन २०७४ को दफा-७ उपदफा-३ र निजसँगको संझौताको बुँदा नं. ६ बमोजिम चाबी बुझेको मिति २०७९।४।३ देखि भाडा वापत निजको धरौटी रकम कट्टी गर्नुपर्नेमा चाबी बुझ्नु भन्दा अघी २०७८।११।१५ देखि मिति २०७९।३।३१ सम्मको रु.४२,२३०।- निजको निजी लगानी वापतको धरौटी रकमबाट कट्टी गरी सदर स्याहा गरिएको हुँदा उक्त रकम मिति २०७९।४।३ देखिको भाडा रकममा मिलान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

इलाम नगरपालिकाद्वारा व्यवस्थापन तथा संचालन हुदै आएका स्थानीय मुहानका खानेपानी धाराहरु र हाल शुरुवाती रिडीङ्गको क्रममा रहेका साना सहरी खानेपानी आयोजना अन्तर्गतका धाराहरुको मिटर रिडीङ्गको कार्य विविध कारणले कार्यालयबाट निर्धारित समयमा हुन नसकेका कारण खानेपानीको महसुलमा कायम भएका जरिवाना मिटर रिडीङ्गको कार्य निर्धारित तालिका बमोजिम नियमित नभए सम्मका लागि नलिने र उक्त धाराहरुलाइ खानेपानी महसुलमा छुट समेत नदिने निर्णय गरियो ।

**निर्णय नं. १०**

इलाम नगरपालिका वडा नं ३ र वडा नं. ७ नं. वडा कार्यालयको निर्णय सहितको सिफारिस बमोजिम देहाय अनुसार रकमान्तर गर्ने निर्णय गरियो ।

| साविकको | | | | | हुनुपर्ने | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र.स. | बजेट पुस्तिकाको क्र.स. | योजना तथा कार्यक्रमको नाम | खर्च संकेत | रकम | क्र.स. | योजना तथा कार्यक्रमको नाम | खर्च संकेत | रकम | कैफियत |
| १ | ९२ | पशुपालक कृषकहरुलाई तालिम तथा पशु प्राविधिकबाट पशुको जाँच तथा औषधी उपचार कार्यक्रम खर्च | ३११३१ | २५०००० | १ | पशुपालक कृषकलाई च्यापकटर वितरण कार्यक्रम खर्च | ३११३१ | २५०००० | वडा नं. ३ |
| २ | २३७ | वातावरण तथा विपद् व्यवस्थापन | २७२१२ | ५००००० | २ | वडा कार्यालय भवन मर्मत | ३११७१ | ५००००० | वडा नं. ७ |



CamScanner

## इलाम नगरपालिका, नगर कार्यपालिकाको एघारौं बैठक (२०७९/१०/२५) को निर्णयहरु

**निर्णय नं. ११**

प्रदेश नं.१ अन्तर्गत कक्षा ९ देखि १२ सम्म अध्ययनरत विद्यार्थीहरुलाई औषध तथा विपद् व्यवस्थापनका बारेमा हामी स्वयंसेवी कार्यक्रम संचालन गर्न गराउन प्रदेश नं.१ को आन्तरिक मामिला तथा कानुन मन्त्रालयबाट जारी हामी स्वयंसेवी अभियान (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७९ को दफा-२३ अनुसार गठन हुने समन्वय तथा सहजीकरण समिति निम्नानुसार गठन गर्ने निर्णय गरियो ।

अध्यक्ष- नगर प्रमुख श्री केदार थापा
सदस्य- उप-प्रमुख श्री विष्णुकुमारी लिम्बु
सदस्य- प्रमुख प्रशासकीय अधिकृत श्री गणेश कुमार खड्का
सदस्य- जिल्ला प्रहरी कार्यालय इलामका प्रमुख
सदस्य- नेपाल रेडक्रस सोसाइटी इलामका मन्त्री श्री रविन्द्र प्रसाद श्रेष्ठ
सदस्य- नेपाल पत्रकार महासंघ इलामका अध्यक्ष श्री विप्लप भट्टराई
सदस्य- नेपाल स्काउटबाट स्काउट संयोजक श्री चन्द्रविर खत्री
सदस्य सचिव- शिक्षा शाखा प्रमुख

CamScanner